नेपाल ख्रीष्टियन हेराल्ड
NEPAL CHRISTIAN HERALD



राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार

Volume 22 No 11 Monthly International Edition of Herald of His Coming November 2021

वर्ष २२, अङ्क ११ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (मङ्सिर, २०७८)

प्रार्थनाविहीनताबाट छुटकारा

(Deliverance from Prayer/esseness)

By Andrew Murray (1828 - 1917)

प्रार्थनाविहीनता हुनु पनि एउटा ठूलो पाप हो । हामीहरूमध्ये धेरैजनाले यस्तो पापको सिकार बन्नुपरेको छ । सायद योभन्दा ठूलो पाप यस संसारमा छ जस्तो मलाई लागेको छैन । धेरैजनाले यसलाई पापको रूपमा नहेरेर केवल मानिसको एक कमजोरीको रूपमा हेर्ने गर्दछन् । समयको अभावमा वा विचलनहरूको बारेमा धेरै कुराहरू गरिन्छ तर प्रार्थनाविहीनताको गहिरो दोषको बारेमा त्यति कुराकानी गरिँदैन । त्यसो भए प्रार्थनाविहीनतालाई यति ठूलो पापको रूपमा हेर्ने को हो ?

परमेश्वरको निन्दा

विचार गर्नुहोस् त ! प्रार्थनाविहीनता कस्तो प्रकारको पाप होला ? हाम्रा महिमित परमेश्वरले हामी हरेकलाई उहाँकहाँ आउन, हामीलाई चाहिने कुराहरू माग्न, उहाँसँगको सङ्गतिमा ठूलो आशिष प्राप्त गर्न निमन्त्रणा गर्नुहुन्छ । उहाँले हामीलाई उहाँको आफ्नै स्वरूप र प्रतिरूपमा सृष्टि गर्नुभएको छ, उहाँका एकले पुत्रद्वारा हामीलाई छुटकारा दिनुभएको छ ताकि उहाँसँग कुराकानी गर्दा हामीले हाम्रो सर्वोच्च महिमा र मुक्ति पाउन सकौँ । यो हामीले पाएको स्वर्गीय सुअवसरबाट हामीलाई के फाइदा हुन्छ ? यो संसारमा पाँच मिनेटमात्र प्रार्थना गर्ने मानिसहरू कतिजना छन् ? तिनीहरूले लामो प्रार्थना गर्न हामीसँग समय नै छैन भन्दछन् तिनीहरूको जीवनमा प्रार्थना गर्ने हृदयको कमी छ । तिनीहरूले प्रार्थना गर्दा कुनै आनन्द प्राप्त गर्दैनन् ।

यदि तिनीहरूलाई कुनै साथी भेट्न आउनु भयो भने, तिमीहरूसँग कुराकानी गर्न प्रशस्त समय छ, तिनीहरूले समय निकाल्न सक्छन् । जस्तै कामहरू भए तापनि तिनीहरू गफ गर्न र मोजमज्जा गर्न समय निकालिहाल्छन् । हो, उनीहरूसँग आफूलाई चाख लाग्ने विषयमा जति पनि समय छ तर परमेश्वरसँगको सङ्गतिमा समय बिताउन र उहाँमा रमाउनको लागि तिनीहरूसँग समय छँदै छैन । तिनीहरूले तिनीहरूको सेवा गर्न दिन सक्ने व्यक्तिको समय निकाल्छन् । यसरी नै तिनीहरूको दिन, महिना, वर्ष बित्दछ तर परमेश्वरसँग एक घण्टा बिताउनको लागि तिनीहरूसँग समय छैन । के हाम्रो हृदयले परमेश्वरको लागि कस्तो अपमान हो भनेर स्वीकार गर्न सकेको छ ? के साँच्चिकै हाम्रो हृदयदेखि नै भन्ने हो भने हामीसँग समय नभएकै हो त ?

आत्मिकताको कमी !

यी माथि भनिएका कुराहरू किन हुन्छन्, यो कुरा विचार गर्नुहोस् कि यो आत्मिकताको कमीले यस्तो भएको हो । यसको एउटा प्रमाण भनेको प्रार्थनाविहीनता नै हो । हाम्रो जीवनको ठूलो भाग अझै पनि शरीरको शक्तिको नियन्त्रणमा छ । प्रार्थना जीवनको नाडीजस्तै हो । नाडी छाम्दा मुटुको अवस्था कस्तो छ थाहा पाउन सकिन्छ । प्रार्थनाविहीनताको पाप कुनै पनि इसाईको मुटु छाम्नेजस्तै हो । त्यो मानिस घातक रोगमा फसकेको छ भन्ने कुराको प्रमाण प्रार्थनाविहीनता एक प्रमाण हो ।

संसारको पापबाट छुटकारा, समस्याको समयमा परमेश्वरमा भर पर्नु, अरू यस्तै यस्तै आत्मिक कुराहरू मण्डलीमा सिकाइन्छ । यस्तै पवित्र हुनु, परमेश्वरलाई दिनु, संसारको चालमा

नचल्नु, प्रेम गर्नु अरू धेरै विषयहरूमा मण्डलीमा हामी सुनेकै छौं कहिलेकाहीं शीर्षक सुन्ने बित्तिकै विश्वासीहरूले आज यस्तो वचन आउँछ भनी थाहा पाउँछन् । यस्तै सुसमाचार सुनाउनु पर्दछ भन्ने पनि अर्को विषय हो । जसले गर्दा उनीहरूले मुक्तिको बारेमा अरूहरूलाई बताउन सकुन् त्यो पनि ठीकै छ ।

एकपटक विचार गर्नुहोस् त यस्तो हुँदाहुँदै पनि कतिजना सेवकहरूले संसारलाई प्रभाव पार्न नसक्नुको खास कारण के होला ? उत्तर अर्को छँदै छैन । "तिनीहरूको प्रार्थनाविहीनता" नै हो । मण्डलीमा धेरै सेवकहरू बाइबल अध्ययन र मण्डलीको काममा एकदमै जोसले गरिरहेका हुन्छन् । कस्तो मिठो र उत्साहजनक प्रवचन तिनीहरूले दिन्छन्; अरू मानिसहरूसँग बातचित गर्न र उत्साह दिन तिनीहरू एकदमै लागि पर्दछन् तरै पनि मानिसहरूको जीवन परिवर्तन भएको छैन । उत्तर स्पष्ट हो तिनीहरूसँग निरन्तर प्रार्थनाको कमी छ । मानिसको जीवन परिवर्तन माथिबाट आएको प्रतिज्ञासहितको शक्तिले मात्र गर्न सक्दछ । यो कुरा हामी धेरैजनालाई थाहा नहुन सक्दछ । निरन्तर प्रार्थथना गर्न नसक्नु र प्रार्थनाविहीनता जस्तो पापको कारणले गर्दा आजकल हाम्रा मण्डलीहरू जस्ताको तस्तै भएका छन् । मण्डलीमा शक्तिशाली आत्मिक जीवनको कमी हुनु हुँदैन ।

प्रार्थनाविहीन सेवकहरूको प्रभाव

तेस्रो कुरा मण्डलीका सेवकहरू नै प्रार्थनाको जीवन नभएकाले यसले पारेको प्रभाव तपाईंलाई थाहै होला । विश्वासीहरूलाई प्रार्थनाको जीवनसम्म तालिम दिनु सेवकहरूको काम हो । ऊ आफैं परमेश्वरसँग प्रार्थना गर्न जानेको छैन भने उसले कसरी उसले अरूलाई तालिम दिन सक्दछ ? पवित्र आत्माबाट उसले स्वर्गीय शक्ति एकदमै कम पाएको छ उसले त परमेश्वरको सेवा नै गर्न सक्दैन ।

सेवकहरूमै परिवर्तन आउँदैन भने कसरी मण्डलीमा परिवर्तन ल्याउन सकिएला ? मण्डलीमा क्रियाकलापहरू- प्रचार, प्रवचन, घरमा भेट्ने क्रियाकलापहरू भन्दा प्रार्थनामा परमेश्वरलाई भेट्नु अति महत्वपूर्ण हुन्छ । प्रार्थनाले अरू कुराहरूलाई निर्धारण गर्दछ । परमेश्वरसँगको सामिप्यता एकजना सेवकको लागि अति नै महत्वपूर्ण हुन्छ । परमेश्वरले हरेक सेवकहरूलाई उसले कस्तो महिमित स्थान ओगटेको छ भनी हेर्न सिकाउनु हुन्छ । यदि उसले पहिलो दुष्टताको जराबाट छुटकारा पायो भने उसलाई परमेश्वरको आनन्द, विश्वास, साहस, लगनशीलतामा ऊ बढ्दै जान्छ । यो उसको जीवन प्रक्रिया हो ।

खीष्टद्वारा विजय

हाम्रो प्रार्थनाविहीनता जीवनबाट कसरी मुक्त हुन सकिन्छ होला ? विजय मानिसहरूको व्यक्तिगत परिश्रम वा संघर्षले हुने कुरा होइन । जबसम्म हामील हाम्रो साधारण विश्वासद्वारा उहाँलाई प्राप्त गर्न खोज्दछौं यो क्रियाकलाप व्यर्थै हुन्छ । हामी इमान्दार भएर परमेश्वरको उपस्थितिमा गयौं भने उहाँको प्रेममा मात्र यो आनन्दको सन्तुष्टि प्राप्त गर्न सकिन्छ । यसरी प्रार्थनाको जीवन बढ्दै र थपिँदै जान्छ ।

प्रार्थनाविहीनताको पापले हामीमाथि शक्ति राख्दा हामीले प्रभु येशूसँग असल सम्बन्धमा रहन्छु भनी सोच्नु पनि हुँदैन । हाम्रा प्रभु येशूको सही सम्बन्धमा, सबैभन्दा माथि, प्रार्थना पनि समावेश गर्दा हाम्रो इच्छा र परमेश्वरको शक्तिमा भरपर्ने कुरा रहेछ भन्ने बुझ्नु पर्दछ ।

विश्वासीहरूले शरीरको शक्तिले सांसारिक कुराहरूलाई जित्ने प्रयास गरेका छन् यो पूर्णरूपमा असम्भव कुरा हो । त्यो त तिनीहरूले बालजिबुलबाट बालजिबुलको आत्मालाई निकाल्न खोजेजस्तै हो । यो कहिल्यै पनि हुनै नसक्ने कुरा हो । शरीर र दुष्टलाई वशमा पार्न सक्ने केवल येशू मात्र हुनुहुन्छ । आफ्नै बलमा प्रयास गर्नु हुँदैन । आफूलाई येशूको चरणमा समर्पण गर्नुहोस् उहाँले तपाईंले भनेको सुन्नुहुन्छ र तपाईंमा काम गर्नुहुन्छ भन्ने आशासहितको पक्का विश्वासमा उहाँलाई पर्खनुहोस् ।

प्रार्थनाविहीन जीवनबाट छुटकारा खीष्टले येशूले मात्र दिनसक्नुहुन्छ । यो नयाँ करारको एउटा आशिष हो । परमेश्वरले खीष्टद्वारा तपाईंमा यो पापबाट छुटकारा दिनुहुनेछ । उहाँले आफ्नो प्रेमद्वारा तपाईंको हृदयमा यी छुटकारा दिन चाहन्छु । उहाँको अनुग्रह, तपाईंको हृदयमा बगेको उहाँ चाहनुहुन्छ । यसरी नै उहाँले तपाईंलाई अरू पापहरूबाट शुद्ध र पवित्र पार्नुहुन्छ । यसरी उहाँले प्रार्थनाविहीनताको पापबाट तपाईंलाई- पनि शुद्ध पार्नुहुन्छ । उहाँबाट सबै कुराको अपेक्षा गर्नुहोस् । जसरी उहाँले प्रार्थनाको जवाफमा अरू सबै अनुग्रह दिनुहुनेछ त्यसरी नै सबैभन्दा माथि र सबैभन्दा पहिले तपाईंलाई प्रार्थना गर्ने हृदयको अनुग्रह तपाईंलाई प्रदान गर्नुहुनेछ ।

अरू सबै आशिषहरू उहाँबाटै आउनु पर्छ भन्ने सोच्नु कस्तो मूर्खता हो तर त्यो प्रार्थना, जहाँ अरू सबै कुरा निर्भर छ, व्यक्तिगत प्रयासबाट प्राप्त गर्नु पर्दछ । परमेश्वर आफैंले भित्री कोठामा हामीलाई हेर्दै हुनुहुन्छ, र हामीलाई कसरी प्रार्थना गर्ने भनी

सिकाउन आफैँ जिम्मेवार ठहराउन हुनछ । हामीले बालकहरूजस्तै भएर उहाँलाई आत्मविश्वाससाथ पर्खनु पर्दछ । हामीले एउटा कुरो विचार गरौँ दोषपूर्ण आत्मिक जीवनबाट दोषपूर्ण प्रार्थनाको जीवनभन्दा राम्रो केही कुरा पनि प्राप्त गर्न सकिँदैन । हाम्रो हृदय नै दोषपूर्ण छ भने मैले निर्दोष प्रकारले प्रार्थना गर्दछु र यसको उत्तर प्राप्त गर्छु भनी सोच्नु पनि व्यर्थै हुन्छ । धर्मशास्त्रले हामीलाई खीष्टले असीम प्रेममा विश्वास गर्न सिकाउँदछ जुन वास्तवमा हामीसँग हरेक पल बातचित गर्न चाहन्छ र हामीलाई उहाँको सङ्गतिमा राख्न चाहन्छ ।

खीष्ट, महान् मध्यस्थकताले, उहाँको शरीरको प्रत्येक सदस्यलाई परमेश्वरसँग रहेको र उहाँको आनन्द र शक्ति तिनीहरूले पनि पाएको उहाँ चाहनहुन्छ । खीष्टको रगत र अनग्रहमा सबै अधर्म र प्रार्थनाहीनताहरूको छुटकारा छ । हाम्रो छुटकारा टुक्रा-टुक्रा पारेर पिसेर निकाल्ने वस्तुजस्तो वा टुक्रा-टुक्रा पारिएको पछि प्रयोग गर्न सकिन्छ भन्ने जस्तो होइन । यो प्रभु येशूमा भण्डार गरिएको अनुग्रहको पूर्णताको रूपमा प्रदान गरिएको छ, जुन नयाँ हामीले दैनिक जीवनमा नयाँ तरिकाले प्राप्त गर्न सकिन्छ ।

कुनै पनि कुराले हाम्रो लापरबाहीबाट बचाउन सक्दैन वा कुनै पनि असल जीवनले हामीलाई आनन्द र शान्तिको जीवन दिन सक्दैन । तर प्रभु येशू भएको घनिष्टताको सम्बन्धले यो प्राप्त गर्न सकिन्छ । जुन हाम्रो जीवनमा र विशेष गरी हाम्रो प्रार्थनाको जीवनमा शक्तिशाली रूपमा प्रकट हुन्छ । येशू खीष्टले हामीलाई त्यो अनन्त प्रेममा जसले उहाँलाई क्रूसमा डोऱ्यायो हरेक दिन पल पलमा हामीसँग सङ्गति गर्न चाहन्छ र हामीलाई अन्तरबिन्ती गर्न उत्साह दिन्छ । विश्वासीहरूले यो कुरा बुझ्नौं त्यो जीवन जुन खीष्टले हाम्रो निम्ति अर्पण गर्नुभयो त्यही जीवनले हामीलाई दैनिक जीवनमा प्रार्थना गर्न सिकाउँदछ । हाम्रा प्रभुको कामलाई उहाँले गर्नुभएका कामहरूबाहेक अरू कुनै तरिकाले गर्ने प्रयास गर्नु कति व्यर्थ हो भनेर हामीले बुझ्नु पर्दछ । परमेश्वरले यस पृथ्वीमा जे गर्न चाहनुहुन्छ अपरिहार्य रूपमा त्यो प्रार्थनाद्वारा मात्र सम्भव छ ।

पवित्र आत्माको सेवा

पवित्र आत्मामा हरेक विश्वासीहरूलाई 'भरिनुपर्छ' भनी आज्ञा दिइएको छ । पवित्र आत्मा प्रार्थनाको आत्मा हुनुहुन्छ । पावलले भन्दछन्, "... घरमा पर्नलाई दासत्वको आत्मा तिनीहरूले पाएका छैनौं, तर तिमीहरूले धर्मपुत्र हुने आत्मा पाएका छौं । यसैले अब हाम्रा परमेश्वरलाई "अब्बा", "पिता" भनी पुकार्छौं । (रोमी ८ : १५) अनि उनले अर्को ठाउँमा भन्दछन्, "तिमीहरू पुत्र भएका हुनाले परमेश्वरले आफ्ना पुत्रको आत्मा हाम्रा हृदयमा पठाइदिनुभयो, जसले हे अब्बा, पिता भनेर पुकार्नु हुन्छ ।" (गलाती ४ : ६) पहिलो खण्डले भन्दछ, 'हामी भनेर पुकार्नु हुन्छ ।" (गलाती ४ : ६) पहिलो खण्डले भन्दछ, 'हामी पुकार्छौं' दोस्रो खण्डमा "उहाँले पुकार्नु हुन्छ" भनिएको छ । प्रार्थनामा परमेश्वर र मानवको कस्तो मिश्रण ।

परमेश्वरले प्रार्थनालाई प्राकृतिक र प्रभावशाली बनाउनको लागि आफूले सक्दो प्रयास गर्नुहुन्छ । संसारमा पनि पिताले आफ्नो रोएको बच्चालाई फकाएजस्तै परमेश्वरले गर्नुहुन्छ । कति मण्डलीहरूमा पवित्र आत्माको विषयमा केही पनि थाहा छैन, के यो दुःखको कुरा होइन र ? पवित्र आत्मामा भर पर्नु र भरिनु पर्छ भन्दा मण्डलीमा एउटा बोझको रूपमा लिइएको हुन्छ । हरेक प्रार्थना 'त्रिएक' परमेश्वरले भाग लिनुहुन्छ 'पिता' जसले सुन्नुहुन्छ, 'पुत्र' जसको नाममा हामी प्रार्थना गर्दछौं, 'पवित्र आत्मा' जो हामीसँग प्रार्थनामा सहभाइ भई प्रार्थना गर्नुहुन्छ ।

विजयको आशीर्वाद

प्रार्थनाविहीनको पापबाट मुक्ति प्राप्त गर्नु यो मनरिएको मूल्यको आशिष हो । परमेश्वरलाई निन्दा गर्न व्यक्तिलाई उहाँले आशिषमा परिणत गर्नु कति ठूलो कुरा हो । हामीले आफैँलाई दोष पनि लगाइरहेका थियौं जुन हाम्रो जीवनको प्रारम्भिक भागजस्तै भएको थियो । परमेश्वरले मानिसलाई आफ्नै स्वरूपमा बनाएको कारणले उहाँले आत्मिक रूपमा मानिसलाई आफूजस्तै बनेको चाहनुहुन्छ । परमेश्वरले मानिसलाई प्रेम गर्नुहुन्छ भन्ने कुरा प्रमाणित गरेको उहाँ चाहनुहुन्छ । राजाका छोराछोरी भएर जिउनु हाम्रो लागि कस्तो अवसर हो ! आफ्नो पितासँग बातचित मार्नु, हाम्रा प्रभु येशूसँग सङ्गतिमा रहन पाउनु पवित्र आत्मासँग रहनु हाम्रो कस्तो अवसर हो ।

हाम्रो लागि कस्तो आशिष, कोठाको भित्री भागमा पसेर पूरै दिनको लागि आशिष माग्नु । परमेश्वरले हामीलाई यसरी नै प्रयोग गर्न चाहनुहुन्छ । ('The Prayer Life' बाट साभार गरिएको)

परमेश्वरको वचन आगोजस्तो

(God's Word like a Fire)

ल्याब्राडोरमा तेत्तीस वर्षको सेवा गरिसकेपछि आज आएर मोरेभियन सेवकहरूले पूर्णरूपमा आशा मारेर अब हामी फर्केर जानुपर्दछ भनेर सोचेका थिए । त्यस्तो उनीहरूले एकदमै परिश्रम गरेर काम गरेका थिए तापनि सबै कुरा निरासाजनक नै थियो । यो १८०४ तिरको घटना हो- एकदिनको कुरा हो एकजना सेवकले प्रचार गरिरहेको बेलामा लूकाको पुस्तक १९:१० पद "किनभने मानिसको पुत्र हराएकाहरूलाई खोज्न र बचाउन आएको हो ।" बाट प्रचार गरेका थिए । यो पदले धेरै मानिसहरूको जीवनलाई निराशाबाट आशामा परिणत गरिदियो । एकजना महिलालाई यो वाक्यले एकदमै भित्रैबाट पक्रियो । आफ्ना देशवासीहरूले पनि उनलाई त्यति मन पराएका थिएनन्, किनभने तिनीहरूले उनलाई के भइरहेको छ भन्ने कुरा बुझेका थिएनन् । ती महिला साँच्चिकै आफ्ना पापहरूको कारणले गहिरो पीडामा परेकी थिइन् । उनी आफ्ना पापहरूले गर्दा निकै खिन्न भएकी थिइन् र कुकुरको खोरमा सुतेर जीवन बिताइरहेकी थिइन् । उनलाई लाग्दथ्यो कि अब उनी मानिसहरूसँग भेट्न-जीवन बिताउन नै अयोग्य छन् । उनको जीवन साह्रै कष्टकर थियो ।

तर त्यो दिन प्रचार गरिएको वचन (लूका १९ : १०) ले उनको जीवन नै परिवर्तन गरिदियो । उनको जीवनलाई यो वाक्यले परिवर्तन गरायो । आफ्नो जीवनमा उति नै मधुर स्वर आएको उनले महसुस गरिन्, उनी निरासाको जीवन बिताइरहेकी एक स्त्री अब आशामा बाँच्न सक्ने भइन् । यो प्रवचन सुन्ने बित्तिकै उनी जुरुक्कै उठिन् र हात उचालेर परमेश्वरको प्रशंसा गर्दै रहिन् । परमेश्वरले उनको जीवनमा गर्नुभएको काम उनले तुरुन्तै मानिसहरूलाई बताउन चाहन्थिन् । तब त्यहाँ वातावरण अलि फरक थियो । उनले आफ्नो जीवन सम्पूर्ण नै कोइलाले जलेको जस्तो महसुस गरिन् । एकैछिन पछिको कुरा हो उनले योकुरा भन्नै नपाउँदै उनको जीवन धपधप बलेको धेरै मानिसहरूले देखे । अतित आगो सल्किएझैं वरिपरिका जवान, बुढापाका, बच्चाहरूलाई आगो सल्किहाल्यो र सबैजना पवित्र आत्मामा भेटिए । यो घटना १८०४ को हो । त्यो दिनको घटनालाई अहिले पनि खीष्टियन इतिहासमा लेख्न योग्य छ ।

अब हरेक झुपडीरुमा गाएको र प्रार्थना गरेको आवाज सुनिन थाल्यो । हरेक आइतबार अब यति धेरै मानिसहरू मण्डलीमा आए, मण्डलीले यो संख्यालाई थाम्नै सकेन । बिहानबिहानै मानिसहरू मुक्तिको सन्देश सुन्नलाई मण्डलीमा आएर ढोकाको अगाडि उभिन थाले । सङ्गति सुरु हुने बेलामा त भ्याल, ढोकाबाट मानिसहरूले चियाएर हेर्न लागे, भित्र मानिसहरू बस्ने ठाउँनै भएन । मण्डली दिनैभरि हुन लाग्यो । मानिसहरूलाई पश्चातापमा डोहोऱ्याउने मानिसहरूको पनि कमी हुन गयो । हप्तैभरि यस्तै भएको थियो, आइतबारमात्र होइन । यति धेरै मानिसहरू आए जसलाई प्रहरी लगाएर नियन्त्रण गर्नुपर्ने भयो ।

अब त्यो सङ्गति विभिन्न ठाउँमा सारियो । मानिसहरू बस्ने ठाउँ नै भएन । घण्टौंसम्म मानिसहरू मुक्तिको खबर सुन्न तयार भए । हेर्नुहोस् त ! एकजना एकदमै तुच्छ महिलाका कारणले त्यो ठाउँ नै परिवर्तन भयो (सामरी स्त्रीको कारणले सामरिया परिवर्तन भएजस्तै) लूकाको पुस्तक १९:१० मा लेखिएको र त्यो महिलाले स्वीकार गरेको कारणले तेत्तीस वर्षसम्म मौरेभियनहरूले गरेको कामको नैराश्यतालाई आशामा परिणत गरायो । जहाँ परमेश्वरको काम हुन्छ त्यहाँ थाम्नै गाह्रो हुन्छ ।

ल्याब्राडोरमा भएको यो घटना पेन्तिकोसमा भएको जस्तै थियो । एउटा वचन त्यहाँ पूरा भयो "के मेरो वचन आगोजस्तै छैन र ? चट्टानलाई चुरचुर पार्ने त्यो ठूलो घनझैं छैन र ? परमप्रभु भन्नुहुन्छ ।" (यर्मिया २३ : २९)

लुकेको वचन

The Hidden Word

By C.H. Brown

"तपाईंको विरुद्धमा पाप नगरुँ भनेर, तपाईंको वचन मैले मेरो हृदयमा सुरक्षित राखेको छु ।" (भजनसङ्ग्रह ११९ : १०)

हृदयभित्र लुकाइएर राखिएको वा सुरक्षित राखिएको परमेश्वरको वचन सबै खराबीहरूबाट बचावट हो । दाऊद राजाको जीनवमा उनले अनुभव गरेको खण्ड हो यो । उनले परमेश्वरको वचनलाई आफ्नो हृदयमा राख्नु उनको हरेक परिस्थितिको सुरक्षा हो भन्ने उनको अनुभव थियो । हो, हाम्रो जीवनमा पनि ठिक निर्देशन प्राप्त गर्नको लागि परमेश्वरको वचनलाई हामीले आफ्नो हृदयभित्र सुरक्षित राख्नु पर्दछ । जब दुष्टका युक्तिहरू हाम्रो जीवनमा आउँछन् ती अवस्थाहरूमाथि विजय हुनका लागि परमेश्वरको वचनले मात्र सम्भव छ । हाम्रो आफ्नो, ज्ञान, शक्ति, सामर्थ्यले यो सम्भव छैन । यो अरू कुनै कुराबाट सम्भव छैन केवल मानिसको हृदयभित्र लुकाएर राखिएको वचनले काम गरेर मात्र सम्भव छ ।

परमेश्वरको वचन मानिसहरूको लागि एक शक्ति हो । जुन शक्ति अरू कुनै चिजबाट प्राप्त हुन सकिँदैन । परमेश्वरको वचनको शक्तिले ठुला-ठुला द्वन्द्वहरूलाई पनि शान्तिमा परिणत गरेका उदाहरणहरू हामीसँग प्रशस्तै छन् । वचनले मानिसको कामलाई उत्साह दिन्छ र कपटलाई साहस दिन्छ । परमेश्वरको वचनले नै मानिसलाई साँचो सहिद बनाउँछ । वचन हृदयमा नभएको मानिस निर्दयी हुन्छ तर वचन हृदयमा भएको मानिस उद्देश्य भएको र नम्र हुन्छ । हो, परमेश्वरको वचन हृदयभित्रको जीवित शक्ति हो । फारिसीहरूले यसलाई बाहिरी रूपमा मात्र लिएका थिए । यो वास्तवमा भित्र परिवर्तन पार्ने शक्ति हो । हाम्रो भित्रपट्टि परमेश्वरको वचन भएन भने हामी पनि फारिसीहरूजस्तै हुन्छौं ।

हृदयमा लुकाएर राखिएको परमेश्वरको वचन म्यानमा राखिएको तरबारजस्तै हो । जसलाई चाहिएको बेलामा निकाल्न र राख्न सकिन्छ । मानिसहरूले आफ्नो उत्तर दिने क्षमतामा गर्व गर्दछन् । तर साँचो उत्तर त परमेश्वरको वचन हृदयमा भएको मानिसले मात्र दिन सक्दछ । यो ठूलो रहस्य हो अनि सजिलो गरी एकदमै गाह्रो छ । परमेश्वर र मानिसको काम त फरक हुनैं भयो । जसको हृदयमा परमेश्वरको वचन लुकिएको छैन उसको लागि, यो कुरा एकदमै व्यर्थैको कुरा हो, तर यसलाई बुझ्नेहरूको लागि त सत्यताको शक्ति हो । यसले मानिसलाई शुद्ध र सिद्ध विवेकतिर लैजान्छ । परमेश्वरको वचनलाई कसैले ठूलो घरको पहरेदारसँग तुलना गरेका छन् । जसले चोरहरू वा बाहिरी आक्रमण गर्ने व्यक्तिसँग अगाडि रहेर लडाईं गर्दछ र आफ्नो घर वा भवनलाई बचाउँछ । कुन दिशाबाट शत्रुले आक्रमण गर्दछ त्यो हामीलाई थाहा नहुन सक्दछ तर जसको हृदयमा परमेश्वरको वचन छ त्यसले जस्तोसुकै शक्तिसँग लड्न सक्छ र हामीलाई बचाउँछ । कताबाट शत्रु आउँछ भनेर ख्याल गर्ने त पहरेदारले हो, अरूले होइन । के मैले भन्न खोजेको तपाईंहरूले बुझ्दै हुनुहुन्छ ? हाम्रो सुरक्षा परमेश्वरको वचनबाट मात्र सम्भव छ । तपाईंको सुरक्षा कहाँबाट आउँछ ? के परमेश्वरको वचनबाट आएको त छैन भन्ने आज नै विचार गर्नुहोस् ।

महान् उद्देश्य

दाउदले परमेश्वरको वचनलाई हृदयमा लुकाएर राख्नुको उद्देश्यचाहिँ उनलाई डरलाग्दो पापबाट त्यसले सुरक्षा गर्न सक्दछ भनेर हो । वास्तवमा यो निस्वार्थी उद्देश्य थियो । उनले आफूलाई महान् प्रचारक बनाउन वा आफ्ना मानिसहरूसँग आफैंलाई ठूलो बनाउन नै गरेका थिए तर उनले त अनुग्रहकारी परमेश्वरको विरुद्धमा पाप नगरुँ भनेर उनले परमेश्वरको वचनलाई लुकाएका थिए । योभन्दा ठूलो चाहना र उद्देश्य अन्त कतै पनि भेटिएन । हामी पहरेदारबाट टाढा भयौं भने अवश्य हामीलाई उहाँको वचनद्वारा सधैं सुरक्षा दिनको लागि तयार हुनुहुन्छ । हाम्रो सुरक्षाको लागि ठूलो हतियार परमेश्वरबाट त आउँदछ । यो रहस्यलाई बुझ्ने मानिसले उहाँको वचनलाई हृदयमा लुकाएर राखेको हुन्छ र सुरक्षित हुन्छ । के तपाईंले पनि दाउदले जस्तै तपाईंको विरुद्धमा पाप नगरुँ भनेर मैले तपाईंको वचनलाई मेरो हृदयमा सुरक्षित राखेको छु ।"

परमेश्वरको इच्छा जान्नु

हाम्रो जीवनमा परमेश्वरको इच्छा के होला वा हामीले गर्ने निर्णयहरूमा परमेश्वरको इच्छा छ कि छैन होला भनेर हामी धेरैपटक सोचिरहेका हुन्छौं । भजनसंग्रह ३७ : ३ - ८ सम्म हेर्दा परमेश्वरको इच्छा खोज्ने व्यक्तिले जान्नुपर्ने धेरै कुराहरू लेखिएको छ । यशैया ५३ : १० मा स्पष्टसँग भनिएाके छ परमेश्वरको इच्छाचाहिँ उहाँले गर्नुभएको उद्देश्य र चाहना हो । हामीले हरेक परमेश्वरको इच्छा बुझ्न सकिन्छ । उहाँका रहस्यहरू मानिसले बुझ्न सक्ने प्रकारका छैन छन् त्यो परमेश्वरको वचनबाटै प्रकट गरिएको छ । (व्यवस्था २९ : २९) । हामी जब प्रार्थना गर्छौं, उहाँको वचन पढ्छौं, पवित्र आत्माको अगुवाइ खोज्छौं, विश्वासीहरूले भनेको मान्छौं भने परमेश्वरको इच्छा जान्न सकिन्छ (कलस्सी १ : १७)

परमेश्वरको इच्छा पत्ता लगाउन यी पाँचवटा बुँदाहरू याद गर्नु आवश्यक हुन्छ :

(१) हामीले हाम्रो आत्मिक जीवनलाई ठीक राख्नुपर्छ । (भजन १३९ : २३ - २४)

(२) परमेश्वरको इच्छा जान्न विश्वासमा पाइला चाल्नुपर्छ । (रोमी १ : १० - ११)

(३) आफ्नो मनमा सोचेका सबै इच्छाहरू परमेश्वरको इच्छा हो कि होइन भनी आफूभन्दा परिपक्व अरू विश्वासीहरूको सल्लाह सुन्नुपर्छ (हितोपदेश १२ : १५)

(४) हामीले सोचेका कुरा आत्मिक रूपमा वचन अनुसार मिलेको छ कि छैन विचार गर्नुपर्छ (रोमी १२ : १ - २) किनभने धेरैपटक हाम्रो इच्छा जे छ त्यही परमेश्वरको इच्छा हो भनी धेरै जना असफल भएका छन् ।

(५) अन्त्यमा आफ्ना इच्छाहरूलाई एकातिर पन्छ्याएर बुद्धिको लागि परमेश्वरसँग प्रार्थना गर्नुपर्छ । (प्रेरित १८ : २१)

ख्रीष्टमसको साँचो अर्थ

मेरी ख्रीष्टमस एक्काइसौं शताब्दीका मानिसहरूको लागि अब कुनै अनौठो शब्द रहेन जुन शब्द धेरै वर्ष पहिलेदेखि नै बोलिँदै आएको छ । नेपाल सरकारले विगत केही वर्षदेखि डिसेम्बर २५ लाई ख्रीष्टमसको उपलक्ष्यमा सार्वजनिक विदा गरेर राष्ट्रिय चाडको रूपमा मान्यता दिएको छ ।

मेरी ख्रीष्टमसको अर्थ हेर्ने हो भने अति आनन्दको ख्रीष्टमस भन्ने लाग्छ । ख्रीष्ट यस पृथ्वीमा मानिस भएर आउनु भएको दिनलाई ख्रीष्टमस भनिन्छ । यहाँनेर एउटा अनौठो प्रश्न हाम्रो बीचमा आउछ किन येशू ख्रीष्ट मानिस भएर यस पृथ्वीमा जन्मलिनु पऱ्यो ? आज संसारले नबुझेको उत्तर यसको पछाडि लुकेको छ, "लूका रचित सुसमाचारले यसरी भन्दछ ती इलाकाहरूमा गोठालाहरू साँझपख भेडाहरूलाई गोठमा हुलेर बाहिर आगो ताप्दै थिए र तिनीहरूको बीचमा प्रभुको तेज अचानक चम्कियो र तिनीहरू सारै डराए तर अब नडराऊ भन्ने शब्दले तिनीहरू ख्रीष्टकहाँ जन्मनुभएको हो, खोजी गर्दै जाँदा एउटा गाईको गोठमा जन्मिएको भेट्टाए । घटना यही नै हो ।

ख्रीष्ट जो मसिह हुनुहुन्छ, उहाँ यस पृथ्वीमा जन्मनुको अर्थ अलि फरक छ । पापको बन्धनले बाँधिएको, मानिसलाई छुटकारा दिन उहाँ यस पृथ्वीमा आउनु भयो । यो कुरा आज संसारका धेरै मानिसहरूले बुझेका छैनन् । मेरी ख्रीष्टमस शब्दमा मात्र सीमित भयो भने यसको खासै अर्थ रहँदैन । मानवको पाप उठाएर लैजानलाई येशूले मानव रूपमा धारण गर्नु भयो । स्वयं परमेश्वर मानिससँग-इम्मानूएल हुनु भयो ।

ख्रीष्टमसको कुनै अर्थ नै नबुझी त्यत्तिकै दौडिदा अरू कसैको जन्मदिन भन्दा बढ्ता नहोला तर ख्रीष्ट हाम्रो बीचमा आउनु भयो र उहाँ आज हरेकको जीवनमा ख्रीष्ट जन्मिनुपर्छ । ख्रीष्टमसको शुभकामना यही छ के तपाईंको जीवनमा ख्रीष्ट जन्मनु भयो ? भयो भने अब तपाईं डराउनु पर्दैन । हैन भने तपाईंले आजै विचार गर्नुस् तपाईंले बोलेको मेरी ख्रीष्टमस व्यर्थ हो । यो ख्रीष्टमस हामी सबैको लागि ख्रीष्टमस साँच्चिकै होस् । आमेन् ।

परमेश्वरको नाम र अर्थ

एल्	-	सामर्थका परमेश्वर
एलेहिम	-	सृष्टिकर्ता परमेश्वर
एल ओलाम	-	अनन्तको परमेश्वर
एल् सदाब	-	मलाई देख्नुहुने परमेश्वर
एलोह	-	सम्झनुहुने परमेश्वर
एल गिब्दोन	-	शक्तिशाली परमेश्वर
एल् एलोह इससाइली	-	परमप्रभु इस्राएलका परमेश्वर
एल् एल्योल	-	अति उच्च परमेश्वर
इम्मानुएल	-	परमेश्वर हामीसँग
यहवे	-	परमप्रभु
यहवे सिद्धकोन	-	परमप्रभु मेरो धार्मिकता
यहवे शाबोध	-	सेनाहरूका परमप्रभु
यहवे निस्सी	-	परमप्रभु मेरो झण्डा
यहवे शे. ए.	-	परमप्रभु मेरो गोठालो
यहवे मक्कादेश	-	पवित्र तुल्याउनुहुने परमेश्वर
यहवे एलसलोह क्याना	-	परमप्रभु डाही परमेश्वर
यहवे पिरे	-	प्रबन्धकर्ता परमेश्वर
यहवे शम्माह	-	परमप्रभु त्यही परमेश्वर
यहवे शालोन	-	परमप्रभु मेरो शान्तिका परमेश्वर
यहवे रोफेका	-	परमप्रभु मेरो चङ्गाइकर्ता

प्रभावकारी पुस्ताहरू

Impareting Generations

By Henry Blackaby

तपाईंका छोराछोरीको जीवनमा परमेश्वरको इच्छा के हो ? के तपाईंले पत्ता लगाउन सक्नुहुन्छ वा तपाईंका छोराछोरीलाई परमेश्वरले कसरी चलाउनुहुन्छ ? के तपाईंसँग त्यो इच्छा खोज्ने हृदय छ ? के तपाईं थाहा गर्नुहुन्छ जब परमेश्वरले अब्राहामलाई प्रतिज्ञा गर्नुभयो त्यो कस्तो थियो होला ? जब परमेश्वरले अब्राहामलाई बोलाउनु भयो, त्यसपछि यी तीनवटा नाम सँगसँगै धेरै पटक आएका छन् - अब्राहाम, इसाहाक र याकूब । यी तीन पुस्ताहरू हुन् । यसो विचार गरौं त परमेश्वरले एकजनाको नाम लिनुपर्दा कतिजना छुनुहुँदो रहेछ । तपाईंलाई परमेश्वरले गर्नुभएको प्रतिज्ञामा छोराछोरी र नाति-नातिनीहरू पनि समावेश हुँदा रहेछन् भन्ने कुरा के तपाईंलाई थाहा भयो । तपाईंको बोलावटमा तपाईंको तीनपुस्ता समभागी हुँदो रहेछ । तपाईंले जसरी परमेश्वरको सेवा सारा हृदयले गर्नुभएको छ के तपाईंका छोराछोरी, नाति नातिनाहरूले त्यसरी नै गर्न चाहन्छन् ? के तपाईंले तिनीहरूको जीवनबाट तपाईंले जस्तै परमेश्वरको महिमा भएको चाहनुहुन्छ ?

तपाईंलाई पछ्याउने पछिल्लो पुस्ता अहिले कस्तो भएको छ ? मेरो पछाडि के आइरहेको छ भने मैले नै हेर्नुपर्दछ । तपाईंलाई पछ्याउने पुस्ताले तपाईंसँग केही सिक्न सक्ने कुरा छ छैन भने, किन छैन ? तपाईंबाट पछिल्लो पुस्ताले केही सिक्नुपर्छ । आफ्नो घरमा पारिवासिरक सङ्गति हुँदा पछिल्लो पुस्ताले आफ्नो जीवनमा परमेश्वरले गर्नुभएको काम पछिल्लो पुस्तालाई भन्नु पर्छ । उनीहरू एकदमै कडा रूपमा प्रस्तुत भएर होइन कि प्रेममा म यो चाहन्छु वा तिमी यस्तो हुनुपर्छ वा मैले यसरी प्रार्थना गरेको छु भन्नुपर्दछ नत्र भने तपाईं पछिको अर्को पुस्ताले गलत कुरा सिक्न सक्दछ । अहिले संसारमा यस्तै भएको छ । तपाईं यो संसारमा सधैं रहनुहुन्न, तपाईंले पछिल्लो पुस्तालाई दिनुपर्ने केही कुरा छ कृपया ध्यान दिनुहोस् ।

खीष्ट येशूका आज्ञाहरू

विश्वास सम्बन्धमा

- सु-समाचारमा विश्वास गर, मर्कूश १ :१५
- पिता र ममा विश्वास गर, यूहन्ना १४ : १
- मलाई पठाउनेलाई विश्वास गर, यूहन्ना : २८ - २९
- पिता ममा र म पितामा छौ भनेर विश्वास गर, यूहन्ना १४ : ११
- मैले गरेका काममा विश्वास गर यूहन्ना १० : ३७ - ३८
- मैले जे पिताबाट पाएको छु त्यसमा विश्वास गर मकूर्श ११ : २४

नयाँ जन्मको सम्बन्धमा

- नयाँ गरि जन्मनै पर्छ, यूहन्ना ३ : ७
- तिमीभित्र भएकोलाई सफा गर मत्ती २३ : २६
- रुख राम्रो वनाउ र फल राम्रो हुन्छ मत्ती १२ : ३३
- म मा रहो र म तिमीहरूमा यूहन्ना १५:४
- नून जस्तै वन मकूर्श ९ : ५०
- अनन्त जीवनको निम्ति दु:ख गर यूहन्ना ६:२७
- आनन्दित बन किनकि तिम्रो नाम स्वर्गमा लेखिएको छ लूका १०:२०

पवित्र आत्मा पाउने सम्बन्धमा

- पवित्र आत्मा लिओ : यूहन्ना २० :२२
- पहिला वालवालीकाले थाहा पाउन मकूर्श ७ : २७
- तिर्खाउने आओस र पिओस् - यूहन्ना ७ : ३७ -३८
- मेरो आज्ञा पालन गर पिताले आशिष दिनुहुन्छ यूहन्ना १४ :१५-१७
- आनन्दले माग पाउनेछौ यू. १६ : २४, लुका ११:५ - १३
- सल्लाहकारको गवाही दिनुहुन्छ यूहन्ना १५ : २६

येशूको पछि लाग्ने सम्बन्धमा

- मलाई पच्छाउ यूहन्ना १२ : २६
- बप्तिस्मा लेऊ मत्ती ३ : १३, २८ : १९
- मेरो सम्झनामा खाने गर लुका २२ : १७ - १९
- एक अर्काको खुट्टा धोऊ यूहन्ना १३ : १४-१५
- कोही मेरो पछि लाग्छ भने आफ्नो क्रूस आफै बोकोस् लुका ९ : २३
- मबाट सिक मत्ती ११ : २९
- मेरो प्रेममा रहो यूहन्ना १५ :९

प्रार्थना सम्बन्धमा

- सधै प्रार्थना गर, लुका २१ : ३६
- परीक्षामा नपर्न प्रार्थना गर लुका २२ : ४० - ४६
- खेतालाको निम्ति प्रार्थना गर लुका ६ : २८
- गाली गर्नेको निम्ति प्रार्थना गर लुका ६ : २८
- पितालाई खीष्टको नाउँमा प्रार्थना गर मत्ती ६:६, यूहन्ना १६ : २४ - २६
- प्रभुको प्रार्थना मत्ती ६ : ९ - १३
- अन्य जातिले जस्तो प्रार्थना नगर मत्ती ६ : ७ - ८

BOOKPOST

पत्र पाउनेको ठेगाना (TO)

नाम (Name) :

ठेगाना (Address) :

हाम्रो ठेगाना (Our Address):

जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह-सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : श्री नवराज पन्त

G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal

E-mail: nepalherald@yahoo.com

Phone No:- 2090221, 4382442

Published by: Gospel Revival Inc. (all rights reserved)

Counselor: Rich Carmicheal

Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682

Co- Editor: Mrs. Shanti Poudel

Editor: Mr. Nava Raj Panta

website: www.nepalherald.blogspot.com